# सामाजिक सुरक्षा कोष र योगदानमा आधारित सामाजिक सुरक्षा योजनाको संक्षिप्त विवरण

नेपाल सरकारको पूर्ण स्वामित्वमा सामाजिक सुरक्षा कोष २०६७ चैत्र ७ गते स्थापना भएको हो । यस कोषको मुख्य उद्देश्य योगदानमा आधारित सामाजिक सुरक्षाका योजना (Scheme) तर्जुमा तथा कार्यान्वयन गरी सामाजिक सुरक्षाको हक सुनिश्चत गर्नु रहेको छ । यो उद्देश्य पुरा गर्न नेपाल सरकारबाट योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४, योगदानमा आधारित सामाजिक सुरक्षा नियमावली, २०७५ र सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधि, २०७५ जारी गरी यसैका आधारमा सामाजिक सुरक्षा योजना २०७५ मंसीर ११ बाट शुभारम्भ भएको हो ।

## क. योजना (Scheme) मा सहभागी हुने तरिका :

कोषको योजनामा सहभागी हुन सर्वप्रथम रोजगारदाताले http://ssf.gov.np मा लगईन (Login) भई अनलाईन सूचिकरण हुनु पर्दछ । रोजगारदाताको सूचिकरण कार्य २०७५ मसिंर ६ बाट शुरु भैसकेको छ । आफू सूचिकरण भएको तीन महिनाभित्र रोगगारदाताले आफ्ना कर्मचारी तथा श्रमिकको सूचिकरण गरिसक्नु पर्नेछ । सूचिकरण पश्चात् रोजगारदाताले कर्मचारी तथा श्रमिकको आधारभूत पारिश्रमिकको ११ प्रतिशत रकममा रोजगारदाताको २० प्रतिशत रकम थप गरी कुल ३१ प्रतिशत बराबरको योगदान रकम मासिक रुपमा कोषमा जम्मा गर्नुपर्ने छ ।

## ख. योजना (Scheme) अन्तर्गत पाइने सुविधाहरु:

### (१) औषधि उपचार तथा मातृत्व सुरक्षाको सुविधा

यस अन्तर्गत चिकित्सकको परामर्श सेवा, अस्पताल भर्ना तथा शल्यकृया वापतको शुल्क, रोग परीक्षण तथा उपचार वापतको खर्च र औषधि वापतको सुविधा पाईन्छ । अस्पताल भर्ना भई उपचार गराउँदा वार्षिक रु. एक लाख र घरैमा बसी उपचार गराउँदा वार्षिक रु. पच्चिस हजारमा नबढ्ने गरी उपचार खर्च पाईन्छ । तर कुल दावी रकमको २०% रकम आफैले व्यहोर्नु पर्छ । मातृत्व सुरक्षा योजनामा गर्भ परीक्षण, अस्पताल भर्ना, शल्यकृया तथा तीन महिना सम्मको शिशुको उपचार वापतको खर्च र प्रसूति स्याहारको लागि एक महिना बराबरको न्यूनतम पारिश्रमिक पाईन्छ । औषधि उपचार र स्वास्थ्य सुविधा पाउन कम्तीमा ६ महिनाको योगदान गरेको हुनु पर्दछ भने मातृत्व सुरक्षा सुविधा पाउन पछिल्लो १८ महिनामा कम्तीमा १२ महिनाको योगदान गरेको हुनु पर्दछ ।



### (२) दुर्घटना तथा अशक्तता सुरक्षाको सुविधा

रोजगारीजन्य दुर्घटना तथा व्यवसायजन्य रोगको उपचारमा लाग्ने सम्पूर्ण खर्च पाईन्छ । तर व्यवसायजन्य रोगको उपचार गर्न दुई वर्षसम्म योगदान गरेको हुनु पर्दछ । रोजगारजन्य दुर्घटना बाहेक अन्य दुर्घटना भएको अवस्थामा रु. सात लाख रुपैयाँ सम्मको उपचार खर्च स्किमबाट प्राप्त हुनेछ । तर प्राकृतिक विपत्तिको कारण दुर्घटना भएकोमा वा सडक दुर्घटना भएकोमा वा अन्य वीमा प्रणालीबाट सुविधा पाउने अवस्थामा कोषको स्किमबाट त्यस्तो सुविधा प्राप्त हुने छैन ।



## (३) आश्रित परिवार सुरक्षाको सुविधा

योगदानकर्ताको मृत्यु भएमा आश्रित परिवारलाई प्राप्त हुने सुविधा अन्तर्गत निजको पति वा पत्नीलाई योगदानकर्ताको अन्तिम आधारभूत पारिश्रमिकको साठी प्रतिशतका दरले मासिक रुपमा जिवित रहेसम्म निवृत्तभरण (पेन्सन) र निजको १८ वर्ष उमेर पुरा नभएको सन्ततिलाई १८ वर्षको उमेरसम्म चालिस प्रतिशत सन्तति शैक्षिक वृत्ति पाउने व्यवस्था छ । यसैगरी योगदानकर्ताको एकाघरको पति वा पत्नी वा छोराछोरी कोही पनि नभएको अवस्थामा निजको आश्रित बाबुआमाले मासिक रुपमा साठी प्रतिशत रकम जिवनभर पाउने व्यवस्था छ ।



## (४) वृद्धावस्था सुरक्षाको सुविधा

योगदानकर्ताको अवकाशपछि अवकाश योजना वा निवृत्तभरण (पेन्शन) मध्ये एउटा सुविधा पाउने व्यवस्था छ । अवकाश योजनामा हाल सञ्चय कोष र उपदान पाउनेले अवकाश पछि एकमुष्ठ रकम पाउने व्यवस्था छ भने पेन्शन योजनामा योगदानकर्ताले जिवित रहेसम्म मासिक पेन्शन पाउने व्यवस्था छ । अवकाश योजना पाउने ले सामुहिक सौदाबाजी गरी सञ्चयकोष र उपदानको हालसम्मको रकम कोषमा जम्मा गराई पेन्शन प्राप्त गर्न सक्छन् । तर २०७६ साल साउन १ गते पछि रोजगारीमा प्रवेश गर्ने सबैले अनिवार्य रुपमा पेन्शन स्किममा सहभागी हुने कानूनी व्यवस्था छ ।



कोषबाट सञ्चालन हुने स्किम अन्तर्गतका सुविधा पाउन रोजगारदाताले आफ्नो र योगदान कर्ताको समेत योगदान रकम मासिक रुपमा कोषको खातामा जम्मा गर्नु पर्दछ ।

**"सामाजिक सुरक्षा योजनामा सहभागी बनौं, सुरक्षित भविश्य सुनिश्चत गरौं ।"**


नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सामाजिक सुरक्षा कोष
नेपाल
फोन नं. ०१-४२५६१४४ र ०१-४२५६३१५
www.ssf.gov.np, ईमेल : info@ssf.gov.np